# दुरा समुदायको परम्परा र कृषि प्रणाली बीचको सम्बन्धको मानवशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको **मानवशास्त्र** विषयको दशौ पत्रको आंशिक आवश्यकता पूरा गर्न तयार पारिएको

**शोध–पत्र**


**शोधकर्ता**

सुमित्रा देवी दुरा

**भर्ना रोल नं** : ७६/०६६

**परीक्षा रोल नं** : ४८०५०७

**रजिष्ट्रेसन नं** : ६-२-४०-३७६५-२००१

**समाजशास्त्र/मानवशास्त्र विभाग**

पृथ्वीनारायण क्याम्पस

पोखरा, नेपाल,२०७१

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकाय अनतर्गत समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तह दोस्रो वर्षको मानवशास्त्र विषयको दशौ पत्रको शोधपत्र लेखनको आवश्यकता पूरा गर्नका निमित्त शोधार्थी छात्रा सुमित्रा देवी दुरा ले ' **दुरा समुदायको परम्परा र कृषि प्रणाली बीचको सम्वन्ध** 'शीर्षकको शोधपत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण रुपमा सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्यांकनका लागि सिफारिस गर्दछु ।

रामचन्द्र बराल(पीएच.डी)
शोध निर्देशक
समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्वी नारायण क्याम्पस, पोखरा ।

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकाय अनतर्गत समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तह दोस्रो वर्षको मानवशास्त्र विषयको दशौ पत्रको शोधपत्र लेखनको आवश्यकता पूरा गर्नका निमित्त शोधार्थी छात्रा सुमित्रा देवी दुरा ले तयार पार्नु भएको' **दुरा समुदायको परम्परा र कृषि प्रणाली बीचको सम्वन्ध** 'शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले शोधपत्र मूल्यांकन समितिवाट स्वीकृति प्रदान गरिएकोछ ।

शोधपत्र मूल्यांकन समिति

| | | |
|---|---|---|
| रामचन्द्र बराल(पीएच.डी) | प्राध्यपक विश्व श्रेष्ठ | शान्ति भुसाल |
| शोध निर्देशक | बाह्य परीक्षक | विभागिय प्रमुख |

# कृतज्ञता ज्ञापन

धेरैजसो देशहरुमा सरकारले रैथाने मानिसहरुको परम्परागत  खेती प्रणालीलाई पुराना मोडल वा मिति सकिएका अभ्यासका रुपमा पनि लिने गर्दछन् । जसले गर्दा परम्परागत कृषि  प्रणालीमा आधारित समुदायहरु पछाडि पर्ने र सिमान्तकृत हुन पुग्दछन् । यसै विषयलाई मध्यनजर गर्दै दुरा जातिहरुको परम्परागत कृषि प्रणालीमा आएको परिवर्तन र यसले रैथाने कृषि संस्कारमा देखिएका परिवर्तनका साथै दुरा समुदायले परम्परागत रुपमा  कस्तो खेतीप्रणाली अवलम्वन गर्दै आएका थिए र अहिलेको अवस्थामा आइपुग्दा कस्तो खेतीप्रणाली अपनाएका छन् ? कृषि प्रणालीको संरचनात्मक स्वरुप कस्तो छ ? लगायतका विषयहरुलाई मध्यजर गर्दै उनीहरुको परम्परागत कृषि प्रणालीको परिवर्तित ढाँचाको अध्ययन गर्ने जमर्को गरिएको छ । जुन अध्ययन स्नातकोत्तर तह मानवशास्त्र विषयको दशौ पत्रको शोधपत्र लेखनको आवश्यकता पूर्तिका लागि गरिएको हो ।

यसै शोधपत्र लेखनका सिलसिलामा रचनात्मक सहजीकरण तथा निर्देशन गर्नुहुने आदरणीय गुरु/शोध निर्देशक तथा समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पसका शिक्षक श्री रामचन्द्र बराल प्रति हार्दिक कृतज्ञता टक्र्याउन चाहन्छु । त्यस्तै गरि पृष्ठपोषण दिएर अमुल्य योगदान दिनुहुने बाह्य परिक्षक प्रा.विश्व श्रेष्ठ  प्रति पनि हार्दिक कृतज्ञता टुक्र्याउँदछु । त्यस्तै यस शोधसारमा भाषिक त्रुटिहरु सच्याएर सहयोग गर्नुहुने सह प्राध्यपक डा.विष्णु प्रसाद पौडेल प्रति विशेष आभार प्रकट गर्न चाहन्छु । साथै स्नातकोत्तर तहको अध्ययन र यस शोधकार्य लेखनका क्रममा प्रेरणा र सहयोग गर्नुहुने यस विभागका सम्पूर्ण गुरुहरु, कर्मचारीहरु, पुस्तकालयका कर्मचारीहरु लगायत  सम्पूर्ण क्याम्पस प्रशासनप्रति पनि हार्दिक कृतज्ञता टक्र्याउन चाहन्छु । साथै यस शोधपत्र लेखनका क्रममा मलाई सहयोग गर्नुहुने मेरा माता, पिता, श्रीमान् लगायत सम्पूर्ण परिवारप्रति आभार प्रकट गर्न चाहन्छु । त्यस्तै सूचना संकलनका लागि मलाई निरन्तर रुपमा सहयोग गर्नुहुने मेरा आदरणीय भिनाजु याम बहादुर दुरा लगायत अध्ययन क्षेत्रका सम्पूर्ण दुरा समुदायका प्रतिनिधिज्युहरु साथै मलाई विभिन्न लेख, रचना तथा पुस्तक र आफ्ना कृतिहरुबाट वैचारिक र सैद्धान्तिक सहयोग गर्ने सम्पूर्ण विद्धानहरु र अन्य मेरा प्यारा साथीहरुप्रति पनि हार्दिक आभार तथा विशेष धन्यवाद व्यक्त गर्दछु ।

.................

सुमित्रा देवी दुरा

पृथ्वीनारायण क्याम्पस, पोखरा

समाजशास्त्र/मानवशास्त्र विभाग

# शोधसार

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विभाग, समाजशास्त्र विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दशौँ पत्रको प्रयोजनको लागि तयार गरिएको हो । यस शोधपत्रमा “दुरा समुदायमा परम्परागत कृषिले पारेको प्रभावको सन्दर्भमा लमजुङ्ग जिल्लाको दुरा गाउँ (सिंदुरे गा.वि.स ) भित्रका ग्रामीण किसानहरुको निर्वाहमुखी कृषि प्रणाली सम्वन्धि मावशास्त्रीय रुपमा  अध्ययन गरिएको छ ।

अध्ययन क्षेत्रका दुरा समुदायले परम्परागत रुपमा  कस्तो खेतीप्रणाली अवलम्वन गर्दै आएका थिए र अहिलेको अवस्थामा आइपुग्दा कस्तो खेतीप्रणाली अपनाएका छन् ? कृषि प्रणालीको संरचनात्मक स्वरुप कस्तो छ ? खेतीपातीमा प्रयोग गरिने प्रविधि, विउविजनको भण्डारण गर्ने तरिका कस्तो छ ? निर्वाहमुखी कृषि प्रणालीमा सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको कस्तो भुमिका छ ? स्थानीय परिवेश, हावापानी, माटो, भौगोलिक बनावटलाई मध्यनजर गर्दै कसरी उत्पादनमा बढाउन सकिएला ?लगायत नेपालको कृषि प्रणाली परम्परागत ज्ञान, सीप र प्रविधिमा आधारित छ । यसलाई समय सापेक्ष सुधार गर्न सकिएको छैन तर प्रयास भने नगन्य मात्रमा भएको पाइन्छ । मानव जीवनका आधारभुत आवश्यकता मध्ये गास, वास, कपास, प्रमुख भएपनि शिक्षा, स्वास्थ्य, मनोरञ्जन लगायतका मौलिक अधिकार भित्र पर्छन् । यी सम्पुर्ण हकलाई पुरा गर्ने काम कृषिले गर्छ तर नेपालको समग्र कृषि प्रणालीलाई आधार बनाउने हो भने हाम्रो कृषि प्रणाली निर्वाहमुखी प्रकृतिको भएकैकारण कृषकहरुको जीवनस्तरमा उल्लेखनिय रुपमा सुधार भएको पाइदैन । त्यसैले लमजुङ जिल्लाको सिंन्दुरे गा.वि.स.मा बसोवास गर्ने दुरा समुदायले अपनाउँदै आएको कृषि प्रणालीका कारक तत्वहरू पत्ता लगाउनु नै यस अध्ययनको प्रमुख उद्देश्य हो भने यस अध्ययनका  उद्देश्यहरू यस प्रकार छन् :अध्ययन क्षेत्रका दुरा समुदायले अपनाउँदै आएको कृषि प्रणालीको अवस्था पत्ता लगाउने ।अध्ययन क्षेत्रको सामाजिक, सास्कृतिक अवस्थाले कृषिमा पर्न गएको प्रभाव पत्ता लगाउने र निर्वाहमुखी कृषि प्रणालीका चुनौती र समस्याको पहिचान गर्ने रहेको छ । यस अध्ययनबाट आएको निष्कर्षले प्राज्ञिक क्षेत्रमा एउटा इट्टा थप्ने काम गर्ने  र भोली यस सम्बन्धी थप अध्ययन अनुसन्धान गर्न बाटो खुल्ने, समुदाय स्तरमा योजना बनाउन थप जानकारी दिने आशा राखिएको छ । यस अध्ययनमा जातिय र लैङ्गिक दृष्टिकोणको प्रयोग गरी अन्वेषणात्मक तथा विवरणात्मक अवलोकन प्रश्नावली अनुसूची र अन्तर्वार्ता कार्यलाई मूर्तरुप दिने प्रयास गरिएको छ यस शोधकार्यमा ३३६ घरधुरी मध्ये व्यवस्थित नमुना छनौट विधि अपनाइ विगत ३० वर्षदेखि निरन्तर रुपमा कृषि पेशामा संलग्न रहेको ७० घरपरिवारलाई मात्र समावेश गरिएको छ । यस शोधकार्यमा सङ्कलित तथ्याङ्कहरुलाई सम्पादन गरी तथ्याङ्कको प्रकृति अनुसार विश्लेषण र प्रस्तुतिकरण गरिएको छ । संरचनात्मक तथ्याङ्कहरुलाई तालिका वृत्तचित्रको माध्यमद्वारा प्रस्तुति गर्ने प्रयास गरिएको छ

प्रथमतः यस अध्ययनले लमजुङ जिल्लाको सिंन्दुरे गा.वि.स.मा बसोवास गर्ने दुरा समुदायलाई आफ्नो अध्ययनको केन्द्रित क्षेत्र बनाइएको छ ।

यस अध्ययनले अध्ययन क्षेत्रको भौगोलिक स्थिति, क्षेत्रफल तथा भूउपयोग, बसोवासको अवस्था, माटोकोप्रकृति, घर परिवारको आर्थिक स्थिति, भौतिक पूर्वधार एवं कृषकहरुको सामाजिक, सांस्कृतिक अवस्थाको चित्रण गरिएको छ । यस अध्ययनमा दुरा जातीले अपनाउदै आएका संस्कारहरु,चाडपर्वहरु र सामाजिक परम्पराहरु जस्तैःगाउँ बार्ने, थासो फाल्ने, दोखालो फाल्ने, रोदी बस्ने, वायु बोलाउने, पर्म प्रथा, रिसियाँ खाने चलन आदिले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पार्ने हुनाले कस्ताकस्ता मूल्यमान्यता, संस्कार र परम्पराले कृषकहरुको उत्पादन, रहनसहन एवं जीवननिर्वाहमा सहयोग पुर्‍याएको छ ।

अध्ययन क्षेत्रमा गरिने कृषि कर्म मुख्य बालीनाली उत्पादन,पशुपालन,जातीय अवस्थिति, उत्पादनमा पारेको प्रभावका बारेमा अध्ययन गरिएको छ । प्राय धेरैजसो कृषकहरुले उत्पादन गर्ने खाद्यान्न बाली धान,मकै र कोदोको उत्पादन ३० वर्ष पहिले  र अहिले गरिएको उत्पादनको तुलनात्मक फरक स्थितिको अध्ययन गरिएको छ ।

पशुपालनमा तुलनात्मक रुपमा फरक आएको छ । त्यसैगरी बाली उत्पादनमा पनि तुलनात्मक रुपमा कमी आएको छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने क्रम पनि ह्वात्तै बढेको छ । विभिन्न समस्याहरु हुँदाहुदै पनि बालीनाली उत्पादन र पशुपालनलाई निरन्तरता दिदै आएका छन् तर त्यसले व्यवसायिक सफलता हात पार्न सकेको अवस्था भने छैन । बालीनालीको कम उत्पादन र पशुपालनमा भएको अन्तर सम्वन्धले गर्दा उत्पादन घट्दै जाँदा पशुपालन पनि घटेको छ जसले गर्दा जग्गा बाँझो राख्ने क्रम बढेको छ । तीस वर्ष पहिले हिउँदमा बस्तुहरुलाई खेतवारीमा छाप्रो बनाएर पाल्ने र छाडा छोड्ने गरिन्थ्यो, वनलाई चरन क्षेत्रको रुपमा प्रयोग गर्ने कारणले गर्दा पशुको संख्या बढी देखिन्छ तर हाल आएर पारिवारिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले मात्र पशुपालन गरिएको छ ।

सम्पूर्ण अध्ययनलाई आधार मान्दा अध्ययन क्षेत्रको निर्वाहमूखी कृषि प्रणालीमा तीस वर्षको अन्तरालमा धेरै समानता र केही महत्वपूर्ण परिवर्तनहरु भएको पाइन्छ । कृषि पेशा गर्ने कृषकहरुको अवस्था दिनप्रतिदिन दयनिय बन्दै गएको अवस्था छ । पहिले उच्च स्तरमा कृषि मध्यम व्यापार र तुच्छ नोकरी भनेर चिनिन्थ्यो तर आज त्यसको ठीक विपरीत हुन गएको छ । बजारको माग अनुसार उन्नत कृषि अवलम्वन गर्न सकिएको छैन । आफ्नो उत्पादनले सवै कृषकले गुजारा गर्नुपर्नेमा पारिवारिक आवश्यकता कृषिबाट पुरा गर्न सक्ने कृषकको संख्या अति न्यून छ । जुन दुखद पक्ष हो भने अर्कोतर्फ विभिन्न समस्याले गर्दा हिलो, धुलो, घाम, पानी, बादल केही नभनी दशनग्रां खियाउने पौरखी कृषकहरु प्रतिवर्ष ऋणको खाडलमा फस्दै गएको अवस्था छ । वित्तिय तथा गैरसरकारी संस्थाहरुको केही मात्रामा उपस्थिति रहे पनि सुधारात्मक प्रभाव भने कमै मात्रमा देखिएको छ ।

यस अध्ययनमा निर्वाहमूखी कृषि प्रणालीका समस्या एवं चुनौतीहरुको पहिचान गर्ने प्रयास गरिएको छ । कृषि तालिमको अभाव,प्रविधिको अभाव, सिंचाइको अभाव, बाली निरीक्षणको अभाव, बजारसँग सिधा सम्पर्कको अभाव, परम्परागत सोंच, जग्गाको असमान वितरण, कृषि सामाग्री भण्डारको अभाव, पशुपालनमा कमी, कृषि प्रतिको नकरात्मक धारणा लगायतका समस्याले गर्दा बाह्य उत्पादनसँग आन्तरिक उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था छ । कृषकहरुमा निराशावादी धारणाले जरो गाडिसकेको हुनाले जग्गा बाँझो राख्ने प्रवृति बढ्दै गएको पाइएको छ ।

परम्परागत कृषि कर्मबाट गुजारा चलाउन दुरा कृषकहरु असक्षम देखिन्छन् र उनिहरुलाई आधुनिक प्रविधीको उपयोग सहितको व्यवसायिक कृषि तर्फ सहजीकरणको खाँचो देखिएको छ ।

# विषय सूची


सिफारिस पत्र

अनुमोदन पत्र

शोधसार

कृतज्ञता

**अध्याय एकः परिचय**

१.१. अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको ४

१.४ अध्ययनको अवधारण ५

१.५ अध्ययनको औचित्य र महत्त्व ५

१.६ अध्ययनको सिमाङ्कन

१.७ अध्ययनको संरचना ६

**अध्याय -दुईः सन्दर्भ साहित्यको समिक्षा**

२.१ परिचय ७

२.२ अध्ययनको सैद्धान्तिक खाका ७

२.३ सन्दर्भ साहित्यको सिंहावलोकन ७

**अध्यय तीनः अनुसन्धान विधि**

३.१ अनुसन्धान ढाँचा १५

३.२ अनुसन्धान पद्धति १५

३.३ अध्ययन क्षेत्रको छनौट १६

३.४ तथ्याङ्कको स्रोत एवं प्रकृति १६

३.५ तथ्याङ्क सङ्कलनका विधिहरु १६

३.६ समग्र र नमूना छनौट १७

३.७ साधनको वैधता १७

३.८ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण १८

**अध्याय चार : अध्ययन क्षेत्रको परिचय**

४.१ अध्ययन क्षेत्रको सामाजिक स्थिति १९

४.२ अध्ययन क्षेत्रको सांस्कृतिक अवस्था २२
४.३. कृषि प्रसार पद्दतिका विकसित ढाँचाहरु २२
४.४ कृषि,किसान र अन्य निकाय बीचको अन्तर - सम्वन्ध २६
४.५ दुरा जातिले मनाउँदै आएका चाडपर्व र कृषि बीचको सम्वन्ध २७
४.६ कृषि प्रणाली र रैथाने कृषि संस्कार बीचको सम्वन्ध ३०
४.७ कृषि प्रणालीमा र दुरा जातिका सामाजिक परम्पराहरु बीचको सम्वन्ध
४.८ जीविकोपार्जन कृषि प्रणालीबाट बजारमुखी उत्पादनमा विविधिकरण ३४

**अध्याय पाँच : उत्तरदाताहरुको पृष्ठभूमि तथा अध्ययन क्षेत्रको परिचय**

५.१ उत्तरदाताहरुको पृष्ठभूमि ३७
५.१.१ उत्तरदाताको अन्य स्थिति ३७
५.१.२ परिवारको आकार ३७
५.१.३ जग्गा जमीन र खाद्यान्नको अवस्था ३९
५.१.४ आर्थिक स्रोतको माध्यम ४०

**अध्याय – छ : दुरा गाउँको परम्परागत कृषि प्रणालीमा बाली उत्पादन स्थिति**

६.१ कृषि उत्पादनमा तुलनात्मक फरक स्थिति ४२
६.१.१ .धान उत्पादनको स्थिति ४२
६.१.२ मकै उत्पादनको स्थिति ४३
६.१.३ कोदो उत्पादनको स्थिति ४५
६.२ निष्कर्ष ४६

**अध्याय सात : निर्वाहमूखी कृषि प्रणालीका समस्या र चुनौतीहरु**

७.१ कृषिमा गुणात्मक र मात्रात्मक वृद्धि हुन नसक्नामा कारणहरु ४७
७.२ सिंचाइको अभाव ४७
७.३ प्रविधिको अभाव ४७
७.४ कृषि तालिमको अभाव ४८
७.५ माटो बग्ने समस्या ४८
७.६ बजारसँग सिधा सम्पर्कको अभाव ४८
७.७ बाली निरीक्षक प्राविधिकको अभाव ४९
७.८ कृषि सहकारीको अभाव ४९
७.९ परम्परागत सोच ४९
७.१० पशुपालनमा कमी ४९

७.११ जग्गाको असमान वितरण ५०
७.१२. कृषि प्रतिको नकरात्मक धारणा ५०
७.१३. कृषि सामाग्री भण्डारको अभाव ५०
७.१४ कृषि क्षेत्रको व्यवसायिक विकासमा कृषि सहकारी कानूनको अभाव ५०

**अध्याय - आठ : सारांश,निष्कर्ष तथा सुझावहरु**

८.१ सारांश ५३
८.२ निष्कर्ष ५४
८.३ सुझावहरु ५६

## सन्दर्भ सूचीहरु

परिशिष्टाङ्क (क) शोधका लागि प्रयोग गरिएका प्रश्नहरु
परिशिष्टाङ्क (ख) शोध कार्यसँग सम्वन्धित फोटोहरु

## तालिका सूची

**तालिका नं.** **पृष्ठ**


१ अध्ययन क्षेत्रको पारिवारिक विवरण

२ दुरा समुदायलाई कृषि गरेर खान पुग्ने समय

३. कृषि,पशुपालन,वैदेशिक रोजगार र ज्यालादारीको अवस्था

४. अध्ययन क्षेत्रको धान उत्पादनको तुलनात्मक स्थिति

५ अध्ययन क्षेत्रको मकै उत्पादनको तुलनात्मक स्थिति

६. अध्ययन क्षेत्रको कोदो उत्पादनको तुलनात्मक स्थिति

७. कृषिमा गुणात्मक र मात्रात्मक वृद्धि हुन नसक्नाका कारणहरु

८. प्राविधिक सल्लाह लिई खेतीपाती गर्नेको स्थिति

९. कृषिमा रासायनिक मल र कीटनाशक औषधिको प्रयोग गर्ने स्थिति

# चित्र सूची

**चित्र** **पृष्ठ**

नेपालमा हालसम्म अवलम्वन गरिएका कृषि प्रणालीको क्रमवद्ध विवरण

कृषिका परिवर्तित ढाँचाहरु

कृषि,किसान र अन्य निकाय विचको सम्वन्ध

अध्ययन क्षेत्रका घरपरिवारको पारिवारिक विवरण

कृषि गरेर खान पुग्ने अवस्था

बैदेशिक रोजगार, कृषि तथा पशुपालनको अवस्था

अध्ययन क्षेत्रको अहिले सम्मको अन्न उत्पादनको स्थिति

## चिन्ह प्रयोग र संक्षेपीकरण

यस शोधपत्रमा निम्नलिखित चिन्ह र संक्षिप्त रुपको प्रयोग तल दिइएको विशिष्ट अर्थमा गरिएको छ ।

| **चिन्ह** | **अर्थ** |
|---|---|
| , | अल्पविराम |
| / | वा, र |
| “ ” | उद्धरण चिन्ह |
| ( ) | गौण अर्थ |
| – | संयोजक चिन्ह |
| ? | प्रश्नवाचन्क चिन्ह |
| % | प्रतिशत |
| : | विस्तार गरिएको |
| | निर्देशन गर्ने/देखाउने |
| ; | अर्धविराम चिन्ह |

| **संक्षिप्त रुप** | **पूर्ण रुप** |
|---|---|
| ई.पू | इसापूर्व |
| इ.सं | इस्वी सन् |
| क्र.सं | क्रम संख्या |
| गा.वि.स | गाउँ विकास समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| डा. | डाक्टर |
| पृ. | पृष्ठ |
| पृ.ना.क्या. | पृथ्वीनारायण क्याम्पस |
| वि.सं. | विक्रम सम्वत् |
| त्रि.वि | त्रिभुवन विश्वविद्यालय |